राजस्व परामर्श समितिको प्रतिवेदन

२०७६

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
२०७६

राजस्व परामर्श समितिको प्रतिवेदन

२०७६

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुम (पूर्व)
५ नं. प्रदेश, नेपाल।
वेबसाइटः www.bhumemun.gov.np,
इमेलः info@bhumemun@gmail.com

स्थानीय राजस्व परामर्श समितिका पदाधिकारीहरु

मनकुमारी बुढा (विष्ट)
संयोजक
(गाउँपालिका उपाध्यक्ष)

चन्द्रसिंह श्रेष्ठ
सदस्य
(प्रमुख प्रशासकीय अधिकृत)

श्री नमिता पुन
सदस्य
(कार्यपालिका सदस्य)

श्री नविन्द्र पुन
सदस्य
(गाउँसभा सदस्य)

प्रतिनिधि
सदस्य
(स्थानीय उद्योग वाणिज्य संघ)

प्रतिनिधि
सदस्य
(स्थानीय घरेलु तथा साना उद्योग संस्था)

सदस्य-सचिव
बिजय बाँठा मगर
(लेखा सहायक पाँचौ)

भूमिका

सरकारको नीति तथा कार्यक्रम र विकास कार्यक्रम कार्यान्वयनको आधार बजेटको मेरूदण्डको रूपमा राजस्व रहेको हुन्छ। तसर्थ राजस्व प्रणाली र राजस्व प्रशासनको अवस्थाले सरकारको समग्र अवस्था र प्रभावकारितामा भूमिका खेल्ने गर्दछ। स्थानीय सरकारको रुपमा रहेको गाउँपालिकाको आर्थिक विकास र समृद्धिको लागि राजस्व प्रणालीमा गर्नुपर्ने सामयिक सुधारका सम्बन्धमा स्थानीय सरकारलाई सुझाव दिने संयन्त्रको रुपमा स्थानीय राजस्व परामर्श समिति रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठित यस समितिमा प्रमुख प्रशासकीय अधिकृत सदस्य, कार्यपालिकाले तोकेको दुई जना सदस्य, निजी क्षेत्रको तर्फबाट उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि सदस्य, घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि सदस्य गरी अधिकतम् ७ जनासम्म सदस्य रहने व्यवस्था रहेको छ।

आगामी आर्थिक वर्ष २०७६।०७७ का लागि पेश हुन गइरहेको वार्षिक बजेट तथा आर्थिक विधेयकमा समावेश गर्नुपर्ने राजस्व नीति तथा कार्यक्रमका बारेमा सुझाव दिने उद्देश्यले यो प्रतिवेदन तयार पारिएको छ। यस समितिले गाउँपालिका अन्तर्गतका विभिन्न स्थानका सरोकारवालाहरु, विभिन्न व्यक्ति एवं संस्थाहरुबाट लिखित, मौखिक तथा विभिन्न माध्ययमबाट प्राप्त सुझावहरु र समितिले अध्ययनका क्रममा देखिएको ग्याप पूरा गर्न महसुस र आवश्यकता ठानेका विषयहरु समेटेर प्रतिवेदन तयार पारिएको छ।

नेपालले अन्तर्राष्ट्रिय फोरमहरुमा गरेका प्रतिवद्धता, विकासका अन्तरसम्बन्धित मामिलाहरु, नेपालको संविधानमा व्यवस्था गरिएका मौलिक हक तथा राज्यका नीति र निर्देशक सिद्धान्तलाई आधारविन्दुको रुपमा लिएर स्थानीय सरकारको हैसियतले संविधानप्रदत्त अधिकारक्षेत्रभित्र रहेर अघि सारिएका नीति, योजना तथा प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्ने प्रस्थान विन्दुको रूमा रहेको आगामी आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रमले स्थानीय वित्त व्यवस्थापन र वित्त परिचालनका सम्बन्धमा स्पष्ट दिशानिर्देश गर्नु जरुरी छ। भूमे गाउँपालिकाको समृद्धिका लागि कोरिएका योजनाहरुको कार्यान्वयनका लागि आवश्यक स्रोको परिपूर्ति गर्नुका साथै लगानीमैत्री कर प्रणालीको माध्ययमबाट दिगो एवं अनुमानयोग्य राजस्व परिचालनको सुनिश्चितता प्रदान गर्नु वर्तमान राजस्व प्रणालीको प्रमुख चुनौतिको रुपमा रहेको छ। स्थानीय सरकारको हैसियत प्राप्त गरेपछि स्थानीयस्तरमै आन्तरिक आय अभिवृद्धि गरी आत्मनिर्भरतातर्फको दिशा उन्मुख हुन राजस्व प्रणालीलाई प्रभावकारी गराउनु हाम्रो लागि पहिलो प्राथमिकता र चुनौति रहेको छ। सोही यथार्थलाई मनन गर्दै यो प्रतिवेदन तयार पारिएको छ। यस प्रतिवेदनमा समावेश गरिएका सुझावहरुको सफल कार्यान्वयन गर्न सकिएमा स्थानीय वित्त व्यवस्थापन एवं राजस्व परिचालनको पद्धति तथा मार्गचित्र सुनिश्चित हुनुका साथै आन्तरिक उत्पादन र रोजगारी सिर्जनाका माध्ययमबाट दिगो आर्थिक विकासका लागि योगदान पुग्न जाने विश्वास लिइएको छ।

यो प्रतिवेदन तयारीका क्रममा समितिलाई महत्वपूर्ण सुझाव तथा मार्गदर्शन प्रदान गर्नुहुने गाउँपालिका अध्यक्षज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु। समितिका सबै सदस्यहरुको पूर्णता नभएमा पनि समितिमा रहेर आआफ्नो स्थानबाट महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सबै धन्यवादको पात्र हुनुहुन्छ।

मनकुमारी बुढा (विष्ट)
संयोजक,
स्थानीय राजस्व परामर्श समिति, भूमे गाउँपालिका

विषय सूची

Contents

परिच्छेद एकः पृष्ठभूमि 1
परिचयः 1
स्थानीय राजस्व परामर्श समितिको संरचना 1
स्थानीय राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार 1
परिच्छेद दुईः राजस्वको मौजुदा अवस्थाको विश्लेषण 2
राजस्व संकलन 2
चालु आर्थिक वर्षको राजस्व संकलनको अवस्था 2
परिच्छेद तीनः राजस्व संकलनका उद्देश्य र नीतिहरु 5
राजस्व संकलनका उद्देश्यहरुः 5
राजस्व संकलनका नीतिहरु 6
परिच्छेद चारः करका आधारहरु 8
परिच्छेद पाँचः आगामी आ.व.को लागि प्रस्तावित कर तथा गैरकर राजस्व दर 9
परिच्छेद छः आगामी आ.व.को लागि अनुमानित कर तथा गैरकर राजस्व दर 21
परिच्छेद सातः निश्कर्ष तथा सुझाव 23
निश्कर्ष 23
सुधारका लागि केही सुझावहरुः 23

परिच्छेद एकः पृष्ठभूमि

परिचयः

नेपालको संविधानको धारा २३० बमोजिम गाउँ कार्यपालिकाले गाउँ सभामा पेश गर्ने वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश गर्नुपर्ने राजस्वका नीति, कानून, करका दरहरु, संगठनात्मक संरचना र कार्य प्रक्रिया र तिनमा गर्नुपर्ने सुधारका विषयमा गाउँ कार्यपालिकालाई सुझाव सिफारिश गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था रहेको छ। अर्थतन्त्रमा सरकारी, निजी र सहकारी सबै क्षेत्रको उत्तिकै महत्व हुने कुरालाई मध्यनजर गरी २०६० सालदेखि सरकार र निजी क्षेत्रबीचको नीति सम्वादको स्थायी संयन्त्रको रुपमा काम गर्दै राजस्व परामर्श समितिमा सरकारी पदाधिकारी लगायत स्थानीय बजार र अर्थतन्त्रका अभियन्ता, निजी क्षेत्रको छाता संगठनका प्रतिनिधिहरु समेतको प्रतिनिधित्व रहने व्यवस्था रहेको छ।

स्थानीय राजस्व परामर्श समितिको संरचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा गाउँपालिकामा राजस्व सम्बन्धि परामर्शका लागि देहाय बमोजिमको एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था रहेको छः

(क) उपाध्यक्षः	संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत	सदस्य
(ग) कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य मध्येबाट एक जना महिला सहित दुई जना	सदस्य
(घ) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि	सदस्य
(ङ) घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि	सदस्य
(च) कार्यपालिकाले तोकेको कार्यपालाको कार्यपालिकाको राजस्व शाखा प्रमुख	सदस्य सचिव

स्थानीय राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार

स्थानीय तहको बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन (परिमार्जन सहित), २०७४ को दफा ५.२.१ बमोजिम स्थानीय राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

क) राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जूमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने,

ख) राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरि आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने,

ग) राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,

घ) स्थानीय उद्योग तथा व्यापार व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीति अवलम्वन गर्न परामर्श दिने,

ङ) कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर आदिको दर निर्धारण सम्बन्धमा परामर्श दिने,

च) राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श दिने।

परिच्छेद दुईः राजस्वको मौजुदा अवस्थाको विश्लेषण

राजस्व संकलन

राजस्व संकलनमा मुख्यतया कर राजस्व र गैरकर राजस्व पर्दछन्। कर संकलन गर्दा स्थानीय तहले सबै प्रकारको कर लिन सक्दैन। नेपालको संविधानको अनुसूची ८ मा उल्लेखित एकल अधिकारको विषयमा मात्र स्थानीय तहले नियमानुसार कर संकलन गर्न सक्छ। यसरी हेर्दा स्थानीय तहले संकलन गर्ने करको योगदान कुल बजेटको तुलनामा सानो देखिन्छ। करको आधार बिन्दु स्थानीय तह भएकाले कर संकलनमा उपलब्धि भन्दा पनि नजिकको सरकारले करको विषयमा सुसूचित गर्ने र आम नागरिकलाई कर तिर्ने बानी बसाल्नु नै अहिलेको उपलब्धिको रुपमा हुने देखिन्छ।

चालु आर्थिक वर्षको राजस्व संकलनको अवस्था

गत आर्थिक वर्ष २०७५/०७६ को तुलनामा यस आर्थिक वर्ष २०७६/०७७ को श्रावणदेखि मंसिर महिनासम्म कूल राजस्व असुलीमा वृद्धि भएको देखिन्छ। गत आर्थिक वर्ष २०७५/०७६ को श्रावणदेखि मंसिर महिनासम्म प्रथम ५ महिनामा रु. ५ लाख १६ हजार ४ सय सत्तरी मात्र राजस्व तथा आम्दानी भएकोमा यस आर्थिक वर्ष २०७६/०७७ को सोही अवधिमा राजस्व असुलीमा वृद्धि भई रु ६ लाख ९५ हजार ४ सय ५५ रुपैँया २८ पैसा मात्र हुन पुगेको देखिन्छ। यो आधारलाई हेर्दा चालु आर्थिक वर्षमा यही गतिमा राजस्व संकलनको अवस्था रहे गत आर्थिक वर्षमा भन्दा चालु आर्थिक वर्षमा राजस्व तथा आम्दानीको लक्ष्य प्राप्त भई आम्दानी वृद्धि हुने अवस्था देखिन्छ।

चालु आर्थिक वर्ष २०७६/०७७ को श्रावण महिनादेखि मंसिर महिनासम्मको राजस्व संकलन तथा आन्तरिक आयको विवरण देहाय बमोजिम रहेको छ।



चालु आर्थिक वर्षको मंसिर मसान्तसम्मको आम्दानीको विवरणः

राजस्व शीर्षक	गाउँ पालिका	१ नं.	२ नं.	३ नं.	४ नं.	५ नं.	६ नं.	७ नं.	८ नं.	९ नं.	जम्मा
सम्पत्ती कर	0	0	0	0	0	0	0	0	0	0	0
घरबहाल कर	1800	3480	0	0	0	0	0	0	0	235	5515
घरजग्गा रजिष्ट्रेशन शुल्क	0	0	0	0	0	0	0	0	0	0	0
सवारी साधन कर	0	0	0	0	0	0	0	0	0	0	0
सेवा शुल्क (स्थानीय पूर्वाधार तथा सेवा उपयोगमा)	0	0	0	0	0	0	0	0	0	0	0
दस्तुर (स्थानीय तहबाट हुने सिफारिस लगायतमा)	7985	14500	5050	0	0	0	22700	18600	0	0	68835
पर्यटन शुल्क	0	0	0	0	0	0	0	0	0	0	0
विज्ञापन कर	0	0	0	0	0	0	0	0	0	0	0
व्यवसाय कर	145150	0	1500	0	0	0	5000	0	0	0	151650
भूमिकर (मालपोत)	0	16340	1502	0	0	0	10913 .28	12964	0	61206	102925.28
दण्ड जरिवाना	0	0	0	0	0	0	0	0	0	0	0
मनोरञ्जन कर	0	0	0	0	0	0	0	0	0	0	0
मालपोत संकलन	0	0	0	0	0	0	0	0	0	0	0
बहाल विटौरी घर	675	0	0	0	0	0	0	0	0	0	675

जग्गा कर											
जडिबुटी, काठ, जीवजन्तु कर	65685	0	0		0	0	0	1000	0	0	66685
प्राकृतिक स्रोत साधन व्यवसायिक कर	0	0	0	0	0	0	0	0	0	0	0
शेयर लगानीबाट प्राप्त लाभांश तथा पूँजिगत लाभ आय	0	0	0	0	0	0	0	0	0	0	0
ऋण लगानीबाट प्राप्त व्याज आय	0	0	0	0	0	0	0	0	0	0	0
अन्य	26150	0	91189	36650	46841	7900	1855	0	53635	34950	299170
राजस्व बाँडफाँडः											0
राजस्व बाँडफाँड प्राप्ति (+)	0	0	0	0	0	0	0	0	0	0	0
राजस्व बाँडफाँड हस्तान्तरण (-)	0	0	0	0	0	0	0	0	0	0	0
जम्मा	248345	34320	99241	36650	46841	7900	40468.28	32564	53635	96391	695455.28

परिच्छेद तीनः राजस्व संकलनका उद्देश्य र नीतिहरु

राजस्व संकलनका उद्देश्यहरुः

आगामी आर्थिक वर्ष २०७७/०७८ का लागि आन्तरिक राजश्व परिचालन नीतिका उद्देश्य निम्नानुसार रहेका छन्:

- कर सचेतना कार्यक्रम मार्फत सबै नागरिकमा कर तिर्ने प्रवृत्तिको विकास गर्ने ।
- वडा कार्यालय र गाउँ कार्यपालिका कार्यालयबीच परस्पर सहयोग, सहकार्य र समन्वयको वातावरण निर्माण गरी सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा समेटी अधिकतम् राजश्व परिचालनमा जोड दिने ।
- राजश्व चुहावट नियन्त्रणका लागि उत्प्रेरणात्मक र दण्डात्मक नीति अंगिकार गरी कर संकलन तथा परिचालनमा प्रदेश सरकार तथा संघीय सरकारलाई सहयोग गर्ने ।
- आन्तरिक राजश्व परिचालनमा दिगो वृद्धि दर हासिल गरी स्थानीय वित्त प्रणालीलाई सुदृढ तुल्याउने गरी राजश्व प्रणालीमा सुधार गर्ने ।
- स्वच्छ एवं पारदर्शी कर प्रणाली अवलम्बन गर्दै राजश्व प्रणालीलाई समन्यायिक एवं लगानीमैत्री बनाउने ।
- आन्तरिक राजश्वका थप स्रोतहरु पहिचान गरी मौजुदा आन्तरिक करका दरहरुलाई लागत प्रभावी बनाउने ।
- कृषि लगायत अन्य क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई निर्यात प्रवर्द्धन गर्ने ।
- स्थानीय कर प्रणाली बारे आम पेशा, व्यवसाय र सर्वसाधारण नागरिकमा आश्वस्त पार्ने ।

राजस्व संकलनका नीतिहरु

राजस्व संकलनका उद्देश्यहरु हासिल गर्नको लागि देहाय बमोजिमका नीतिहरु अवलम्बन गर्ने:

- सार्वजनिक सेवा र राजश्वबीचमा तादाम्यता कायम गर्दै कर नतिर्ने व्यक्ति वा नागरिकलाई कर नतिरेसम्म सार्वजनिक सेवाबाट बञ्चित गराउने नीतिको अवलम्बन गर्ने ।
- करको दरभन्दा दायरा विस्तारलाई प्राथमिकता दिई कराधारलाई थप फराकिलो बनाउँदै लैजाने ।
- राजश्व संकलनको लागि आवश्यक जनशक्ति परिचालन गरी करदातालाई सहज रुपमा कर तिर्ने वातावरण निर्माण गर्ने ।
- कर प्रणालीमा प्रक्रियागत सरलीकरणका लागि प्रशासनिक, कानुनी तथा प्राविधिक विषयहरुमा एकरुपता र स्पष्टता हुने गरी सुधारको बाटो अपनाउने ।
- करदाताले तिरेको करको जानकारी दिने गरी एकीकृत कार्ड बनाई निजलाई उपलब्ध गराईने व्यवस्थाको सुरु गर्ने र सोही कार्डको आधारमा सेवाप्रवाह र विकास निर्माणका कार्यमा संलग्न हुने व्यवस्था मिलाउने ।
- चोरी निकासी/पैठारी र अवैध व्यापार रोकथामका लागि विशेष रणनीति अपनाउने ।
- करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवं सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रमहरुलाई निरन्तर रुपमा सञ्चालन गर्ने ।
- कर शिक्षा, सूचना र सचेतना सम्बन्धी कार्यहरु आवश्यकता अनुसार निजी, गैरसरकारी, उपभोक्ता हितकारी एवं पेशागत संघसंस्थाहरु समेतको सहभागिता र समन्वयमा सञ्चालन गर्ने ।
- कर संकलन तथा प्रतिवेदन प्रणालीलाई सूचना प्रविधि व्यवस्थापन प्रणालीमा आवद्ध गरी व्यवस्थित गर्ने ।
- सबै पेशा व्यवसायलाई करको दायराभित्र ल्याउने ।

परिच्छेद चारः करका आधारहरु

नेपालको संविधानले दिएको अधिकार, राजस्व सम्बन्धी अधिकार, कार्य विस्तृतिकरण प्रतिवेदन र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए अनुसार करका आधारहरु देहाय बमोजिम रहेका छन् :

क) सम्पत्ति

1. अचल सम्पत्तिमा लाग्ने कर (मालपोत, घरजग्गा कर, सम्पत्ति कर)

ख) आम्दानीः

1. बहाल कर

ग) वस्तु तथा सेवा

1. मनोरञ्जन (प्रदेशसँग साझेदारीमा)
2. विज्ञापन कर (प्रदेशसँग)
3. सवारी साधन कर (प्रदेशसँग)
4. व्यवसाय कर

घ) सेवा शुल्क तथा दस्तुर

1. सेवा शुल्क (स्थानीय पूर्वाधार तथा सेवा उपयोगमा)
2. दस्तुर (स्थानीय तहबाट हुने सिफारिश लगायतमा)
3. पर्यटन शुल्क

परिच्छेद पाँचः

आगामी आ.व.को लागि प्रस्तावित कर तथा गैरकर राजस्व दर

	राजस्वका क्षेत्रहरु		चालु आर्थिक वर्षको दर	प्रस्तावित दर	पुष्ट्याईं	कैफियत
अनुसूची १						
सम्पत्ती कर					सावीक बमोजिमकै कर	
क्र.सं.	**विवरण**	**विस्तृत विवरण**	**दर (रु./वर्ष)**			
१	पक्की घर	RCC ढलान घर	२०	२०		
२	पक्की घर	माटो र ढुङ्गाले बनेको तर प्लाष्टर गरिएको	१५	१५		
३	कच्ची घर	माटो र ढुङ्गाले बनेको, सिलेट/ढुङ्गाले छाएको	१०	१०		
४	कच्ची घर	माटो र ढुङ्गाले बनेको, जस्ता पाताको छाना भएको	५	५		
५	कच्ची घर	माटो र ढुङ्गाले बनेको, खरको छाना भएको घर	५	५		
एकीकृत सम्पत्ति कर लागू भएमा सोही बमोजिम हुने						
अनुसूची २						
भूमि कर						
					सावीक बमोजिमकै कर	
क्र.सं.	**विवरण**	**विस्तृत विवरण**	**दर**			
१	जग्गा रजिष्ट्रेशन शुल्क		४.००%	४.००%		
२	मालपोत कर	अब्बल (५०० ब.मि.)	२०	२०		
		दोयम (५०० ब.मि.)	१५	१५		
		सीम (५०० ब.मि.)	१२	१२		
		चाहार (५०० ब.मि.)	१०	१०		
नोटः २ वर्षभन्दा लामो समयसम्म कर नबुझाउनेलाई जम्मा कर रकममा २५%, ५ वर्षभन्दा बढी समय कर नबुझाउनेलाई ३५%, र ८ वर्षभनेदा लामो समय कर नबुझाउनेलाई ५०% थप जरिवाना लाग्नेछ। तर आ.व. २०७४/०७५ भन्दा अगाडिको						

मालपोत रकम र जरिवाना साविककै नियम र दर रेट अनुसार लाग्नेछ।			

अनुसूची ३
बहाल कर

क्र.सं.	विवरण	विस्तृत विवरण	दर			
१	बहाल कर	कोठा वा घरभाडाको	१०.००%	१०.०० %	साविक बमोजिमकै कर	
घर बहाल करका लागि विभिन्न घर/ग्यारेज/घुम्तीको प्रति कोठाको न्यूनतम भाडा दर (रुपैयाँमा) देहाय बमोजिम हुनेछ।						
क	"क" श्रेणीका मुख्य बजार क्षेत्रमा दोमही, सिसाघारी, खाबाङ बजार, त्रिवेणी बजार, लुकुम जल बजार र गाउँपालिका कार्यालय रहेको क्षेत्र वरिपरि	आवास	५००	५००		
		पसल/व्यवसाय	१०००	१०००		
		ठूलो घुम्ती/ढेपली	१०००	१०००		
		सानो घुम्ती /ढेपली (एक सटर वा सो भन्दा सानो आकार)	५००	५००		
ख	"ख" श्रेणीका अन्य मुख्य बजार क्षेत्र (बालुवा बजार, महत बजार, चुनबाङ गैरीगाउँ बजार)	आवास	४००	४००		
		पसल/व्यवसाय	१०००	१०००		
		घुम्ती /ढेपली	३००	३००		
ङ	अन्य	ग्यारेज	१०००	१०००		
		घुम्ती /ढेपली	२००	२००		

अनुसूची ४
व्यवसाय कर

क्र.सं.	विवरण	विस्तृत विवरण	दर		
१	गल्ला/किराना पसल	थोक	२०००	२०००	
		खुद्रा	१०००	१०००	
		कम पूँजी भएका किराना (ग्रामीण) (१ लाख भन्दा कम)	५००	५००	
२	कपडा/फेन्सी/जुत्ता चपल/ब्याग/कस्मेटिक पसल	थोक	२०००	२०००	
		खुद्रा	१०००	१०००	
३	लेडिज/जेन्स पार्लर/सैलुन व्यवसाय	पार्लर तथा कपाल काट्ने व्यवसाय	५००	५००	

४	होटल व्यवसाय	लजिङ फुडिङ सेवाको होटल	२०००	२०००		
		खाना, चिया, नास्ता होटल	१५००	१५००		
		चिया, नास्ता पसल	५००	५००		
५	उद्योग	क्रसर उद्योग	१००००	१०००००		
		ग्रिल उद्योग	१५००	२०००		
		काष्ठ/फर्निचर (ठूला पूँजी)	२५००	३०००		
		काष्ठ/फर्निचर (साना पूँजी)	१५००	२००००		
		कागज उद्योग	१५००	१५००		
६	ढुंगा तथा गिट्टी बालुवा बिक्री	प्रति ट्रिप	५००	५००		
७	सिलाइ कटाई	टेलरिङ सुविधा	१५००	१५००		
		साधारण सिलाई कटाई	५००	५००		
८	मदिरा पसल	वितरक	८०००	८०००		
		थोक बिक्रेता	५०००	५०००		
		खुद्रा	१५००	१५००		
९	औषधी/एग्रोभेट/आयुर्वेदिक औषधी पसल	बढी पूँजी (५ लाख भन्दा माथि)	३०००	३०००		
		कम पूँजी (५ लाख भन्दा कम)	१५००	१५००		
	क्लिनिक		५०००	५०००		
	पोलिक्लिनिक		१००००	१०००००		
	सामुदायिक अस्पताल		१५०००	१५०००००		
१०	इलेक्ट्रोनिक पसल (मोबाइल,घडी,अडियो,भिडियो आदि)	बढी पूँजी (५ लाख भन्दा माथि)	२५००	२५००		
		कम पूँजी (५ लाख भन्दा कम)	१५००	१५००		
11	इलेक्ट्रोनिक व्यवसाय (हाउस वायरिङ समेत)	बढी पूँजी (५ लाख भन्दा माथि)	१५००	२५००		
		कम पूँजी (५ लाख भन्दा कम)	१०००	१०००		

१२	पेट्रोलियम पदार्थ	पेट्रोल पम्प (साधारण बिक्रेता)	५०००	५०००		
		प्याड बिक्रेता	३०००	३०००		
		ग्याँस सिलिण्डर सब डिलर	३०००	३०००		
		मट्टितेल मात्र बिक्री	१५००	१५००		
१३	हार्डवेयर/मेशिनरी/स्यानिटरी/मार्बल/स्टिल/ आल्मुनियम पसल	थोक	४०००	४०००		
		खुद्रा	२५००	२५००		
१४	भाँडा पसल (सबै खाले)	थोक	१०००	१०००		
		खुद्रा	५००	५००		
१५	स्टेशनरी तथा पुस्तक पसल	थोक	१०००	१०००		
		खुद्रा	५००	५००		
१६	पार्किङ व्यवसाय		५००	५००		
१७	फलफूल तथा तरकारी पसल	थोक	६००	६००		
		खुद्रा	४००	४००		
१८	पानी घट्ट	६ महिनाभन्दा कम चल्ने	३००	३००		
		६ महिनाभन्दा बढी चल्ने	६००	६००		
१९	वित्तीय क्षेत्र	वित्तीय संस्था (बैंक)	२५००	२५००		
		बचत तथा ऋण सहकारी फाइनान्स कम्पनी	१५००	१५००		
		मनि ट्रान्सफर, लघु वित्त	१०००	१०००		
२०	निजी शैक्षिक संस्था दर्ता		१५०००	१५०००		
२१	शैक्षिक संस्था (निजी) कक्षा थप	प्रति कक्षा संख्या	२०००	२०००		
२२	शैक्षिक संस्था कक्षा थप (सामुदायिक)	प्रति कक्षा संख्या	१०००	१०००		
२३	मिल	कुटानी /पिसानी	१०००	१०००		
		पेलानी	१५००	१५००		
२४	सुनचाँदी पसल	गरगहना निर्माण तथा खरिद बिक्री	१५००	१५००		
२५	मर्मत पसल	मोटर पार्टस बिक्री तथा मर्मत	१५००	१५००		
२६	पेन्टर पसल	पेन्टिङ/साइन बोर्ड लेख्ने काम	१५००	१५००	साविक	

२७	निर्माण व्यवसाय	"घ" वर्गको निर्माण व्यवसाय दर्ता शुल्क	१००००	१५०००		
		निर्माण व्यवसाय नवीकरण सूचीकृत	५०००	५०००		
२८	पुल हाउस व्यवसाय	पुल हाउस लगायतका व्यवसाय	२०००	५०००		
२९	नर्सरी दर्ता नवीकरण			१०००		
३०	झोला कुम्लाको व्यापारी	पटके शुल्क प्रति कुम्ला (रसिद अनिवार्य गाउँपालिकाभर १५ दिनसम्म लागू हुने)	१०००	१०००	मुद्रा बाहिरिने	
३१	अन्य नतोकिएको व्यवसाय	यस ऐनमा उल्लेख भए बाहेक	३०००	३०००		
नोटः व्यवसाय दर्ता गरेपछि प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नुपर्ने छ।						

अनुसूची ५
जडिबुटी, कवाडी र जीवजन्तु कर

जडिबुटी, कवाडी र जीवजन्तु कर						
क्र.सं.	**विवरण**	**विस्तृत विवरण**	**दर**			
१	जडिबुटी	पाँचऔंले, घोडाताप्रे, सतुवा, वन आलु लगायतका सबै प्रकारका जडिबुटीहरुको प्रचलित बजार मूल्यको	५.००%	५.००%		
	भीर मौरीको मह	प्रचलित बजार मूल्यको (न्यूनतम्)	५.००%	५.००%		
२	काठ	प्रति घन फिट	५	५		
३	कवाडी माल	सिसा, कागज, प्लाष्टिक प्रति किलो	०.५	०.५		
४	खोटो	प्रति लिटर/किलो	५	५		
५	हेम धागो	प्रति किलो		५		
६	कानुनले निषेध गरेको बाहेक अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, छाला, प्वाँख	कूल मूल्यको	२.००%	२.००%		

अनुसूची ६

सवारी साधन कर

प्रदेश कानून बमोजिम

अनुसूची ७ विज्ञापन कर						
सार्वजनिक स्थलमा विज्ञापन वा साइन बोर्ड राखे वापत वार्षिक						
क्र.सं.	**विवरण**	**विस्तृत विवरण**	**दर**	प्रस्तावित		
१	होर्डिङ बोर्ड	प्रति वर्ग फिट	५०	५०		
२	रङ्गिन विज्ञापन (फ्लेक्स)	प्रति वर्ग फिट	२५	२५		
३	अन्य पोष्टर, पम्पलेट	प्रति वर्ग फिट	१०	१०		

अनुसूची ८ मनोरञ्जन कर						
क्र.सं.	**विवरण**	**विस्तृत विवरण**	**दर**	प्रस्तावित		
१	मेला महोत्सव	प्रति दिन	१०००	१०००		
२	खेलकूद लगायत अन्य मनोरञ्जनात्मक कार्यक्रम	प्रति कार्यक्रम	१०००	१०००		
३	क्यारम बोर्ड	प्रति क्यारम बोर्ड	१०००	१०००		
अनुसूची ९						
बहाल बिरौटी कर						
क्र.सं.	**विवरण**	**विस्तृत विवरण**	**दर**			
१	टहरा नबनाई सार्वजनिक जग्गा बहाल (मुख्य बजार)	(वार्षिक) प्रति वर्ग मिटर	५०	५०		
२	टहरा नबनाई सार्वजनिक जग्गा बहाल (मुख्य बजार बाहेक)	(वार्षिक) प्रति वर्ग मिटर	२५	२५		
३	सार्वजनिक स्थलमा ढुङ्गा गिट्टी बालुवा थुपारे वापत	प्रति दिन	१०	१०		
४	निर्माण, रेखदेख मर्मत सम्भार खर्च	अनुसूची ३ को घर बहाल करमा तोकिएको न्यूनतम् भाडा दर बमोजिम				

अनुसूची १०

पार्किङ शुल्क (तोकिएको पार्किङ क्षेत्रमा मात्र)

क्र.सं.	विवरण	विस्तृत विवरण	दर	प्रस्तावित		
१	दुई पाङ्ग्रे सवारी साधन		५	५		
	चार पाङ्ग्रे सवारी साधन	प्रति घण्टा रु	५	५		
नोटः	सरकारी सवारी साधनलाई पार्किङ शुल्क नलाग्ने ।					

अनुसूची ११

ट्रेकिङ शुल्क

क्र.सं.	विवरण	विस्तृत विवरण	दर (ने.रु.)			
१	स्वदेशी	प्रति दिन प्रति व्यक्ति	२०	२०		
२	विदेशी	प्रति दिन प्रति व्यक्ति	१००	१००		
नोटः स्वदेशी विद्यार्थीहरुलाई ५० प्रतिशत छूट						

अनुसूची १२

सेवा शुल्क दस्तुर

क्र.सं.	विवरण	विस्तृत विवरण	दर			
१	प्रमाणित शुल्क	नाता प्रमाणित गर्ने	१५०	१५०		
२		जन्म मिति प्रमाणित गर्ने, गराउने	१५०	१५०		
३		विवाहित प्रमाणित	२००	२००		
४		अविवाहित प्रमाणित गर्ने	५००	५००		
५		घर पाताल प्रमाणित गर्ने	३००	३००		
६		व्यक्तिगत विवरण प्रमाणित गर्ने	२००	२००		
७		जीवितसँगको नाता प्रमाणित गर्ने	१५०	१५०		
८		हकवाला वा हकदार प्रमाणित गर्ने	५००	५००		
९		कागज र मन्जुरीनामा प्रमाणित गर्ने	२००	२००		
१०		जग्गा मूल्याङ्कन सिफारिश प्रमाणित गर्ने	५००	५००		

११		आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित	०	०		
१२		संरक्षक प्रमाणित गर्ने	१५०	१५०		
१३		आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित	५०००	५०००		
१४	सिफारिश शुल्क	अंग्रेजी माध्ययममा सिफारिश तथा प्रमाणित गर्ने	३००	३००		
१५		अपाङ्ग सिफारिश	०	०		
१६		नाबालक परिचयपत्र सिफारिश	५०	५०		
१७		व्यक्तिगत संरक्षक सिफारिश गर्ने	०	०		
१८		संस्थागत संरक्षक सिफारिश गर्ने	१५०	१५०		
१९		नागरिकता सिफारिश	१५०	१५०		
२०		नागरिकता प्रतिलिपी सिफारिश	१५०	१५०		
२१		वैवाहिक अङ्गिकृत नागरिकता सिफारिस	२००	२००		
२२		छात्रवृत्ति सिफारिश (विपन्न छात्रवृत्ति निशुल्क)	१५०	१५०		
२३		बहाल करको लेखाजोखा सिफारिश	१५०	१५०		
२४		मोही लगत कट्टाको सिफारिश	१५०	१५०		
२५		घरजग्गा करको लेखाजोखा गरी सिफारिस गर्ने	२००	२००		
२६		व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिश गर्ने	१००	१००		
२७		मिलापको कागज गराउने निवेदन दर्ता गर्न सिफारिस गर्ने	२००	२००		
२८		निःशुल्क स्वास्थ्य उपचार	०	०		

		सिफारिश				
२९		सशुल्क स्वास्थ्य उपचार सिफारिस	१००	१००		
३०		पुर्जामा पक्की घर कायम गर्न सिफारिस (प्रति वर्ग मि) घरले चर्चेको	५	५		
३१		पुर्जामा कच्ची घर कायम गर्न सिफारिस (प्रति वर्ग मि)	३	३		
३२		चार किल्ला सिमाना कायम/प्रमाणित	५००	५००		
३३		फरक-फरक नाम, थर, जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिश	२००	२००		
३४		नाम, थर वा जन्ममिति संशोधनको सिफारिश	२००	२००		
३५		अस्थायी/स्थायी बसोबास सिफारिश	१५०	१५०		
३६		जग्गा दर्ता सिफारिश	३००	३००		
३७		जग्गाधनी पूर्जा हराएको सिफारिश	२००	२००		
३८		कित्ताकाट गर्न सिफारिश	२००	२००		
३९		नामसारी गर्न सिफारिस	२००	२००		
४०		जग्गाको हक सम्बन्धमा सिफारिस	२००	२००		
४१		घर बाटो सिफारिश		३००		
४२		घरबाटो नभएको सिफारिश		३००		
४३		मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस	१५०	१५०		
४४		जीवित रहेको सिफारिश	१५०	१५०		
४५		उद्योग ठाउँसारी गर्न सिफारिश	५००	५००		
४६		विद्यालय खोल्न सिफारिस	५००	५००		
४७		विद्यालयको कक्षा कोठा थप्न सिफारिस (प्रति	५००	५००		

		कक्षा)				
४८		विद्यालय ठाउँसारी गर्न सिफारिस	२००	२००		
४९		पालन पोषणका लागि सिफारिस	०	०		
५०		धारा जडानको लागि सिफारिस	५०	५०		
५१		विद्युत जडानको लागि सिफारिस	५०	५०		
५२		संस्था दर्ता सिफारिश	५००	५००		
५३	शिक्षा सम्बन्धी	कक्षा ८ को मार्कसीट प्रतिलिपी		२००		
५४		शिक्षक सरुवा सहमति/अनुमति (मा.वि.)		१५००		
५५		शिक्षक सरुवा सहमति/अनुमति (आ.वि.)		१०००		
५६	कोठा खोल्ने कार्य/ रोहबरमा बस्ने		५००	५००		
५७	सर्जिमिन मुचुल्का		५००	५००		
५८	योजना सम्झौता सिफारिश		१५०	१५०		
५९	योजनाको भुक्तानी/फरफारक सिफारिश		०.५०%	०.५०%		
६०	नेपाल सरकारको नाममा बाटो कायम सिफारिश		५००	५००		
६१	उद्योग दर्ता सिफारिश		५००	५००		
६२	कोर्ट फि मिनाहा सिफारिश		०	०		
६३	चौपाया सम्बन्धी सिफारिश	प्रति चौपाया	२०	२०		
६४	आयात निर्यातमा चौपाया स्वास्थ्य जाँच तथा निकासी प्रति चौपाया सिफारिश शुल्क	भैंसी/राँगो		२००		
		भैंसी/राँगो (१ देखि २ वर्ष)		१००		
		गाई/गोरु		५०		
		बाख्रा/भेडा/खसी/बोका		५०		
		कुखुरा/हाँस		५		

		कुखुरा/हाँस चल्ला		१		
६५	घर जग्गा नक्सा पास दस्तुर	पक्की घर	१०००	१०००		
६६		कच्ची घर	५००	५००		
६७	घर सम्पन्न सिफारिस	पक्की घर	१०००	१०००		
६८		कच्ची घर	५००	५००		
६९	व्यक्तिगत घटना दर्ता जरिवाना शुल्क (३५ दिनभित्र निशुल्क)	जन्म दर्ता	५०	५०		
७०		मत्यु दर्ता	५०	५०		
७१		विवाह दर्ता	५०	५०		
७२		बसाइसराइ (आउने/जाने)	५०	५०		
७३		सम्बन्ध बिच्छेद	५०	५०		
७४	न्यायिक समिति दस्तुर	निवेदन पेश गर्दा	१००	१००		
७५		प्रतिउत्तर पत्र पेश गर्दा	१००	१००		
७६		मेलमिलाप दस्तुर	५००	५००		
७७		नक्कलको हकमा सक्कल पानाको प्रति पृष्ठको	५	५		
७८		न्यायिक समितिको निर्णय प्रति पृष्ठ	५	५		
७९		लिखित कागजपत्रको नक्कल नलिई फोटो खिच्न चाहेमा प्रति पानाको	५	५		
८०		वन पैदावार जन्य निकासी दस्तुर	रु. ५ / क्यू फि			
८१		जलस्रोत समिति दर्ता नविकरण	३०००			

अनुसूची १३						
पर्यटन शुल्क (प्रतिदिन)						
क्र.सं.	**विवरण**	**विस्तृत विवरण**	**दर (ने रु)**			
१	दृष्यावलोकन	स्वदेशी	१०	१०		
		विदेशी	१००	१००		
२	अध्ययन भ्रमण	स्वदेशी	१०	१०		
		विदेशी	१००	१००		

नोटः स्वदेशी विद्यार्थीहरुलाई ५० प्रतिशत छूट, अपाङ्ग, ज्येष्ठ नागरिक, अति विपन्न व्यक्तिलाई प्रमाणका आधारमा निःशुल्क						

अनुसूची १४:

फोहोरमैला व्यवस्थापन शुल्क

क्र.सं.	विवरण	विस्तृत विवरण	दर			
१	होटल व्यवसाय	वार्षिक	५००	५००		
२	पसल	वार्षिक	२००	२००		
३	घरबाट निस्कने फोहर	वार्षिक	१००	१००		
तोकिएको स्थान बाहेक जथाभावी फोहर गर्ने, थुपार्ने कार्य गरेमा कानून बमोजिम थप जरिवाना गरिने ।						

परिच्छेद छः आगामी आ.व.को लागि अनुमानित कर तथा गैरकर राजस्व दर

सि.नं.	राजस्वका क्षेत्रहरु	गत आ.व.को यथार्थ रकम	चालु आ.व.को संशोधित अनुमान	आगामी आ.व.को अनुमान	कैफियत
१	सम्पत्ति कर	१६७९०	२५०००	२५०००	
२	बहाल कर	२९१८७०.२९	३५००००	४०००००	
३	घर जग्गा रजिष्ट्रेशन शुल्क	538840	५५००००	५५००००	
४	सवारी साधन कर	०	०	५००००	
५	सेवा शुल्क (स्थानीय पूर्वाधार तथा सेवा उपयोगमा)	5400	८०००	१२०००	
६	दस्तुर (सिफारिश लगायत)	१०५२८२२	१२५००००	१४५००००	
७	पर्यटन शुल्क	०	८०००	१००००	
८	विज्ञापन कर	०	१४०००	१५०००	
९	व्यवसाय कर	७८२००	१५००००	३०००००	
१०	भूमि कर (मालपोत)	७५०१८६	१२०००००	१२०००००	
११	दण्ड जरिवाना	०	१०००००	१०००००	
१२	मनोरञ्जन कर	०	१५०००	१५०००	
१३	बहाल विटौरी	०	१००००	१००००	
१४	जडिबुटी, काठ, मृत जीवजन्तुका हाड सिंङ प्वाँख छालामा कर	०	०	५००००	

१५	प्राकृतिक स्रोत साधन व्यवसायिक कर	०	०	०	
१६	शेयर लगानीबाट प्राप्त लाभांश	०	०	०	
१७	ऋण लगानीबाट प्राप्त ब्याज आय	०	०	०	
१८	सरकारी सम्पतिको बहाल बाट प्राप्त आय	०	०	०	
१९	कृषि उत्पादन विक्रिबाट प्राप्त रकम	०	०	०	
२०	सरकारी सम्पतिको विक्रिबाट प्राप्त रकम	०	०	०	
२१	अन्य विक्रिबाट प्राप्त रकम	०	०	०	
२२	न्यायिक दस्तुर	०	०	०	
२३	शिक्षा क्षेत्रको आम्दानी	०	०	०	
२४	व्यक्तिगत घटना दस्तुर	४००५०	५००००	४०००	
२५	अन्य आय	१६५६१८१.७१	१५०००००	१५०००००	
		४४३०३४०	**५२३००००**	**५६९१०००**	**०**

परिच्छेद सातः निश्कर्ष तथा सुझाव

निश्कर्ष

नेपालको संविधानको अनुसूची ८ तथा नेपाल सरकार कार्य विस्तृतिकरण प्रतिवेदन र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए बमोजिम अनुसार व्यक्तिको अचल सम्पत्तिमा लाग्ने मालपोत, घर जग्गा कर, सम्पत्ति कर कर, बहालबाट हुने आम्दानी कर, व्यवसाय कर तथा स्थानीय पूर्वाधार सेवा उपयोग र सिफारिश लगायतमा दस्तुरबाट स्थानीय तहले एकल रुपमा आम्दानी प्राप्त गर्न सक्ने व्यवस्था छ भने मनोरञ्जन कर, विज्ञापन कर र सवारी साधन कर लगायतका करहरु प्रदेश सरकारसँग साझा रुपमा आम्दानी गर्न सक्ने व्यवस्था छ।

सोही आधारमा भूमे गाउँपालिकाले संकलन गरेको कर तथा राजस्वको आम्दानीलाई सकारात्मक दिशाउन्मुख देखिन्छ। साविक स्थानीय निकायको रुपमा साविकका महत, मोराबाङ, काँक्री, काँडा र चुनबाङ गा.वि.स. को आम्दानीको तुलनामा हालको राजस्व तथा आम्दानीको विवरण तुलना गर्दा कर तथा राजस्व संकलन र सदुपयोगमा निकै सुधार आएको मान्न सकिन्छ। यद्यपी, अझैं पनि सबै व्यक्ति, व्यवसायीहरु करको प्रक्रियामा आइसकेको देखिँदैन। आगामी दिनमा कर प्रणाली र आम्दानीलाई व्यवस्थित गर्न गाउँपालिकाको तर्फबाट केही सुधारोन्मुख कदमहरु चालेको खण्डमा गाउँपालिकाको आन्तरिक आयमा बढोत्तरी हुनुका साथै देशकै कर प्रशासनमा टेवा पुग्ने निश्कर्ष समितिको रहेको छ।

सुधारका लागि केही सुझावहरुः

क) कर प्रणालीमा सुधार गर्न नवीनतम् प्रविधिहरुको उपयोगमा जोड दिने।

ख) करदाताले तिरेको करको विवरण एकीकृत कार्ड बनाई लागू गर्ने।

ग) आय आर्जन र व्यवसाय गर्ने सबैलाई स्थायी लेखा नम्बर प्रदान गर्न आन्तरिक राजस्व कार्यालयसँग समेत समन्वय गरी व्यवसाय दर्तालाई अनिवार्य गर्ने।

घ) शिक्षण संस्थाले विद्यार्थी/अभिभावकसँग लिने सबै प्रकारका शुल्कहरूमा शिक्षा सेवा शुल्क लिने व्यवस्था मिलाउन सकिने।

ङ) पालिकामा दर्ता भएका सबै प्रकारका व्यवसायीहरुलाई नवीकरण गर्दा सबै प्रकारका कर चुक्ताको प्रमाणपत्रहरु अनिवार्य रुपमा पेश गर्न लगाउने र व्यवसाय दर्ता नवीकरण गर्दा बहाल कर त्यसैसँग आवद्ध गर्ने।

च) सम्भव भएसम्म सबै वडा नभए केही वडामा मात्र भए पनि एकीकृत सम्पत्ति कर प्रणाली लागू गरी विस्तार गर्दै लैजाने।

छ) गाउँपालिकाबाट वा अन्तर्गत सञ्चालन हुने जुनसुकै कार्यक्रम/आयोजनामा लेख, रचना, प्रश्नपत्र, पुरस्कार लगायतमा अनिवार्य कर कट्टी गर्नुपर्ने।

ज) कर चेतना अभिवृद्धिका लागि प्रवर्द्धनात्मक, सचेतनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने।

झ) विद्युतीय उपकरण, प्लाष्टिक, सिसा लगायतका नकुहिने फोहरलाई स्थानीय तहमै पुनःचक्रण गरेमा निःशुल्क प्रदान गर्ने र अन्यत्र पैठारी हुने भएमा न्यून शुल्कमा प्रदान गर्ने व्यवस्था मिलाउने।

ञ) निर्यात प्रवर्द्धनका लागि स्थानीय कृषि उपजहरुको बजारीकरण, निर्यातमा कुनै शुल्क नलगाउने।

ट) प्राकृतिक साधन स्रोतको अधिकतम् उपयोग गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गरेर मात्र गर्ने।

ठ) वस्तुभाउ ओसारपसार गर्दा स्वस्थ पशुपंक्षी मात्र ओसारपसारको अनुमति प्रदान गर्न मुख्य नाकाहरुमा पशुपंक्षी जाँच कक्ष/क्वारेन्टाइन स्थापना गरी सम्बन्धित प्राविधिक खटाउने।

ड) वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई उपयोग गर्न रेमिट हाइड्रो, रेमिट उद्योग लगायतका मोडेल सुरुवात गरी विप्रेषणलाई उत्पादनशील क्षेत्रमा लगानीको वातावरण सृजना गर्ने।

ढ) जलविद्युतको प्रचुर सम्भावना रहेकाले आयोजना निर्माण सञ्चालनमा प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी अन्तरसरकारी वित्त, स्वदेशी तथा विदेशी लगानीको वातावरण निर्माणमा जोड दिने।

ण) सामाजिक सुरक्षा लगायत सबै प्रकारका सरकारी तथा निजी कारोबारलाई बैंकिङ प्रणालीमा जोड दिने।

त) किसान तथा यूवा उद्यमीहरुलाई न्यून दरमा ऋण तथा अनुदानको व्यवस्था गरी स्थानीय स्तरमै स्वावलम्बनको विकास गर्ने।

थ) विद्युत, इन्टरनेट लगायतका पूर्वाधार विकास गरी राजस्व व्यवस्थापन सूचना प्रणाली, स्थानीय सञ्चित कोष व्यवस्थापन सूचना प्रणाली मार्फत वित्तीय सुशासनमा जोड दिने।

द) राजस्व परिचालनका दृष्टिले गैरकर राजस्वका हालका दरहरुमा यथावत् राख्ने।

ध) कर तथा गैर कर प्रशासनमा प्रत्यक्ष संलग्न हुने जनशक्तिको जिम्मेवारी र जवाफदेहिता निर्धारण, आवधिक तालिम जस्ता कार्यक्रम सञ्चालन गर्ने ।

न) सूचना प्रविधि तथा नयाँ प्रणालीसम्बन्धी पुनर्ताजगी तालिम सञ्चालनका लागि सूचना तथा अभिलेख केन्द्रसँग आवद्ध हुने गरी सुविधा सम्पन्न तालिम कक्ष स्थापना गर्ने।

न) वन तथा जडिबुटी पैठारीमा डिभिजन वन कार्यालय, प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय गरी व्यवस्थित गर्ने।

प) राजस्व आम्दानीको विवरण मासिक रुपमा प्रकाशन तथा प्रशारणको व्यवस्था मिलाउने।

फ) राजस्व संकलन, व्यवसाय दर्ता लगायतका एकीकृत घुम्ती सेवा सबै वडामा सञ्चालन गर्ने।

ब) कर प्रशासन, व्यवस्थापन लगायत कर सम्बन्धी नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले तर्जुमा गरेका मौजुदा कानूनहरुको कार्यान्वयनका लागि प्रवर्द्धनात्मक र दण्डात्मक नीति लागू गर्ने।

भ) स्थानीय उत्पादन र रोजगारीमा टेवा पुऱ्याउने उद्योग व्यवसायहरुलाई निश्चित अवधिसम्म कर छूटका साथै प्रवर्द्धनको व्यवस्था मिलाउने।

धन्यवाद !

संयोजक - मनकुमारी बुढा विष्ट

सदस्य - श्री चन्द्रसिंह श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत

सदस्य - श्री नमिता पुन, कार्यपालिका सदस्य

सदस्य - श्री नविन्द्र पुन, गाउँसभा सदस्य

सदस्य - प्रतिनिधि, उद्योग वाणिज्य संघ

सदस्य सचिव - श्री बिजय बाँठा मगर, सहायक पाँचौ (लेखा)